कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# ङादी ग्रुप पावर लिमिटेड

# Ngadi Group Power Limited

वडा नं.३२, अनामनगर, काठमाण्डौं, नेपाल । फोन नं.:४२३८१५९, फ्याक्स नं.४३७३०२०
E-mail: info@siurihydro.com, Website: www.siurihydro.com

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७३.०६ | ६९.५९ | ९२.२३ | १०२.६६ | १२२.४९ | १३८.६७ |
| प्रति शेयर आम्दानी (रु.) | (२२.६८) | (३.४८) | २१.३१ | ८.१० | १९.८३ | १६.१७ |

रु.९,७३,७३,७००/–(अक्षरुपी नौ करोड त्रिहत्तर लाख त्रिहत्तर हजार सात सय रुपैंया मात्र) रकम बराबरको प्रति साधारण शेयर रु.१००/–अंकित दरका ९,७३,७३७ कित्ता (१९,४७४ कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ४८,६८६ कित्ता शेयर सामुहिक लगानी कोषहरुका लागि बाँडफाँड गरिएको र बाँकी ९,०५,५७७ कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको) साधारण शेयरहरुको सार्वजनिक निष्काशन ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ३.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति २०७२/११/१८
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७२/११/२१

निष्काशन खुल्ला हुने मिति: २०७२/१२/२१
निष्काशन बन्द हुने मिति (छिटोमा : २०७२/१२/२१
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७३/१/५

**यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लि. बाट "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ३.२२ (ट) मा उल्लेख गरिएको छ ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाण्डौं
फोन नं. ४००५०८०, फ्याक्स नं. ४००५०८४
URL: www.niblcapital.com, e-mail- info@niblcapital.com

## २.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्भन्नु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंलाई सम्भन्नु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रपाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्भन्नुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद , बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी डादी ग्रुप पावर लिमिटेड, वडा नं.३२, अनामनगर काठमाण्डौलाई सम्भन्नु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्भन्नु पर्दछ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्भन्नु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा बिद्युत विकास विभाग लाई सम्भन्नु पर्दछ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले डादी ग्रुप पावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापनलाई सम्भन्नु पर्दछ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्भन्नु पर्दछ ।

ञ) "वित्तीय विवरण भन्नाले संगठित संस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरणलाई सम्भन्नु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

## २.२.विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :

यस विवरण–पत्र मार्फत निष्काशित साधारण शेयरहरु बिक्री वितरणका लागी देहाय बमोजिम स्थाानमा दरखास्त पाउन, रकम जम्मा गर्न र दरखास्त बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं । |
| २. | डादी ग्रुप पावर लिमिटेड, अनामनगर, काठमाण्डौं । |

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरु/वित्तीय संस्थाहरुमा आवेदन फारम तथा विवरणपत्र प्राप्त गर्न र आवदेन फारम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुनुअघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।

**दरखास्त फारम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

## ३.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ३.२.संगठित संस्थाको उद्घोषण :

### ३.२.१.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ३.२.२.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस डादी ग्रुप पावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ३.२.३.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा बिद्युत विकास विभाग) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

### ३.२.४.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१. यस कम्पनीको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५.यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

३.३ **संगठित संस्था सम्बन्धी जानकारी :**

३.३.१ **संगठित संस्थाको पृष्ठभूमि**

(क) **संगठित संस्थाको नाम :** ङादी ग्रुप पावर लिमिटेड **(Ngadi Group Power Ltd.)**

(ख) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.३२, अनामनगर, काठमाडौंमा रहेकोछ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

(घ) **जलविद्युत केन्द्र :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र लमजुङ्ग जिल्लाको भुलभुले गा.वि.स.मा रहेकोछ ।

(ङ) **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजीक्षेत्रका उद्यमीहरु मिलेर यस ङादी ग्रुप पावर लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२ साल फागुन ९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले २०७१ साल जेष्ठ २५ गते देखि कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

२. हाल यस कम्पनीमा ९२ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीको प्रवन्धपत्रमा ब्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई “क” बर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई “ख” वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७०% शेयर “क” बर्गका संस्थापक शेयरधनी तथा ३०% “ख” वर्गका सर्वसाधारणहरु लाई छुट्टयाएको मध्ये १०% प्रतिशत उद्योग प्रभावित क्षेत्र लमजुङ्ग जिल्लाका बासिन्दाहरुलाई बाँडफाँड गरी सकेको र बाँकी रहेको २०% शेयर सर्वसाधारणहरु (कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँड गरिनेछ ।

४. यस कम्पनीले लमजुङ्ग जिल्लाको भुलभुले तथा बाहुन डाँडा गा.वि.स.स्थित सिउरी खोला आयोजनाबाट ५ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप सिउरी खोला जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६६/५/३० गतेका दिन प्राप्त गरेको हो र उक्त अनुमती पत्र मिति २१०१/५/२९ गते सम्म बहाल रहनेछ ।

५. धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा भएको ब्यबस्था बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र) का बासिन्दाहरुलाई छुट्टयाइएको जारी पूँजी मध्येको १०% साधारण शेयर निष्काशन तथा बिक्री गरी बाँडफाँड गरिसकिएको र सर्वसाधारणको लागी छुट्टयाइएको जारी पूँजी मध्येको २०% साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

६. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको लमजुङ्ग जिल्लाको भुलभुले गा.वि.स. मा ५ मेघावाट क्षमताको सिउरी खोला जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजन संचालन भैरहेको छ ।

७. कम्पनीले निर्माण गरेको सिउरी खोला जलबिद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६४ साल श्रावण १७ गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । उक्त सम्झौताको पहिलो संशोधन मिति २०६५ साल माघ ६ गते भएको छ भने सुविधा सम्बन्धि सम्झौता समते २०७१ साल असोज २६ गते सम्पन्न भैसकेको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहनेछ ।

८. कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् :

८.१. सिउरी खोला जलविद्युत आयोजनाबाट वार्षिक ३,२१,००,४०९ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि २,५४,२१,६८६ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी ६६,७८,७२३ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

८.२. विद्युतको खरीद मूल्य वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु.४/८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.८/४० (आठ रुपैया चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारीक उत्पादन शुरु भएको आर्थिक बर्ष २०६९/०७० लाई

आधार बर्ष मानि खरिद दरमा बार्षिक ३% का दरले पाँच पटक साधारण मुल्यबृद्धि दिँदा हुन आउने खरिददर दिइने छ ।

८.३.नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा **(Excess Energy)** को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

८.४.कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू गरेकोछ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

(क) जलविद्युत गृहको निर्माण गर्ने, विद्युत सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण गर्ने, जलविद्युत उत्पादन गर्ने र विद्युत बिक्री वितरण गर्ने ।

(ख) नेपाल विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने र लिजमा लिने दिने ।

(ग) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धि आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रसारण वितरण लाईन, सवस्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि विद्युत बाटो, पुल तथा सुरुङ्ग मार्ग निर्माण लगायतको आवश्यक निर्माण सञ्चालन एवम् मर्मत सम्भार सम्बन्धि कार्य गर्ने ।

(घ) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धि पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

(ङ) जलविद्युत तथा अन्य सौर्य वा वायु श्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्ने, तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धि परामर्श प्रदान गर्ने गराउने ।

(च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने । सो सम्बन्धमा स्वदेशी वा विदेशी प्राविधिक तथा ईन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) प्रयोग भएको वा गरिने प्रविधि : जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : सो नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र : आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्यतु प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : सिउरी खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ५ मेघावाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिनेछ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : लमजुङ्ग जिल्लाको भुलभुले गा.वि.स. स्थित सिउरी खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था : जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको ।

(१०) अनुसन्धान तथा विकास : नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकासका लागी आवश्यक कार्यहरु भइरहेको ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : सो नभएको ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :सो नभएको ।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति : सिउरी खोला जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ५ मेघावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरिएको छ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा बर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण सँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागी यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण : कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) : जलविद्युत केन्द्रमा जडित उपकरणहरुको **Spare Parts** को लागि **Qiankang Allonward Hydro Equipment Co. Ltd., China** ले आपूति गरिरहेको छ ।

**३.३.२ सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** कम्पनीको स्वामीत्वमा सिउरी खोलामा रहेको प्लाण्ट तथा उपकरणहरु भुलभुले, बाहुनडाँडा र खुदी गा.वि.स स्थित विद्युत गृह र सव स्टेशनमा जडान भई संचालनमा रहेको अवस्थामा रहेका छन् । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चलअचल सम्पतिको विवरण देहाय बमोजिम रहेको छ :

| सम्पत्ति तथा जायजेथा | रकम (रु.हजारमा) |
|---|---|
| **सम्पत्ति** | |
| **दिर्घकालिन सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | *९३१,८२८* |
| न्युनः संचित ह्रास | *(८८,४८३)* |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ८४३,३४५ |
| लगानी | ३२,९३९ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **८७६,२८४** |
| | |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | १,८०१ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ५०,४४६ |
| **जम्मा चालु सम्पत्ति** | **५२,२४७** |
| | |
| **जम्मा सम्पत्ति** | ९२८,५३१ |

**(ख) बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ती आयोजाना संचालन तथा निर्माणको लागि लिएको कर्जाको लागि लिड बैक, एनएमबी बैक लिमिटेड, बबरमहल, काठमाण्डौंको नाममा धितो रहेकोछ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** लागु नहुने ।

**३.३.३ भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेकोछ ।

(२) नयाँ जलविद्युत आयोजनाहरुको सम्भावयता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशको जनताले हाल भोगिरहेको लोडसेडिङ्गको मारलाई केही हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेकोछ ।

(४) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**(ख)प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**

देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा

विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्गको मार खेप्नु परेको छ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस व्यबसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो व्यबसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**३.३.४ सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह "क" शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ४ जना |
| समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | २ जना |
| व्यवसायिक विशेषज्ञबाट सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**३.४ पुँजी संरचना सम्बन्धी जानकारी**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :**

**अधिकृत पुँजी :** कम्पनीको अधिकृत पूँजी रु.६६,७०,००,०००/–(अक्षरेपी छैसाठी करोड सत्तरी लाख रुपैंया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले ६६,७०,००० (छैसाठी लाख सत्तरी हजार) थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजी :** कम्पनीको जारी पूँजी रु.४८,६८,६८,०००/–(अक्षरेपी अड्चालिस करोड अड्साठी लाख अड्साठी हजार रुपैंया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले ४८,६८,६८० (अड्चालिस लाख अड्साठी हजार छ सय असी) थान शेयरमा बिभाजन गरिएको छ ।

चुक्ता पुँजी : कम्पनीले आफ्नो जारी पूँजी मध्ये ३४,०८,०७५ थान शेयर बापतको प्रति शेयर रु.१००/–का दरले जम्मा रकम रु.३४,०८,०७,५००/–(अक्षरेपी चौतिस करोड आठ लाख सात हजार पाँच सय रुपैया) कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको छ । सर्वसाधारणहरुलाई छुट्टयाएको १४,६०,६०५ कित्ता साधारण शेयर मध्ये उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि छुट्टयाएको रु.४,८६,८६,८००/–(अक्षरेपी चार करोड छयासी लाख छयासी हजार आठ सय रुपैया) बराबरको साधारण शेयर बाँडफाँड समेत गरी सकेकोले बाँकी रु.९,७३,७३,७००/–(अक्षरेपी नौ करोड त्रिहत्तर लाख त्रिहत्तर हजार सात सय रुपैया मात्र) रकम बराबरको साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्त पूँजी रु.४८,६८,६८,०००/–(अक्षरेपी अड्चालिस करोड अड्साठी लाख अड्साठी हजार रुपैंया) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ ।**

| क्र.सं. | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | अधिकृत पूँजी | रु.६६,७०,००,०००/– | मिति २०७२/२/६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| २. | जारी पूँजी | रु.४८,६८,६८,०००/– | मिति २०७२/२/६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| ३. | चुक्ता पूँजी | रु.३८,९४,९४,३००/– | मिति २०७२/९/४ गतेका दिन आयोजना प्रभावित क्षेत्र लमजुङ्गका बासिन्दाहरुलाई शेयर बाँडफाँड गरिएको । |

**(ख) निष्कासन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र.सं. | शेयरधनीहरु | समुह | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | क | ३४,०८,०७५ | ३४,०८,०७,५००/– | ७०% | शतप्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी (आयोजन प्रभावित लमजुङ्ग जिल्लाका बासिन्दाहरु) | ख | ४,८६,८६८ | ४,८६,८६,८००/– | १०% | शतप्रतिशत |
| ३ | सर्वसाधारण शेयरधनी (कर्मचारीहरु समेत) | ख | ९,७३,७३७ | ९,७३,७३,७००/– | २०% | शतप्रतिशत |
| | **जम्मा** | | **४८,६८,६८०** | **४८,६८,६८,०००/–** | **१०० %** | |

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :** शेयरमा प्रिमियम खाताको ब्यवस्था हाल नरहेको ।

**३.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**३.५.१. संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | डा.भोगेन्द्र कुमार गुरागाईं लेगुवा १, धनकुटा । | संस्थापक | ५७ | नेपाली | ५,२५,३८४ | एम.बि.बि.एस. /एम.एस.सी | बैंकिङ्ग क्षेत्रमा ८ बर्ष देखि आबद्ध । संचालक : सनराईज बैंक लि. |
| २. | शैलेन्द्र गुरागाईं इटहरी ४, सुनसरी । | संस्थापक | ४९ | नेपाली | ४,१७,४३६ | एम.एस.सी/ ई.एम.बि.ए. | विगत २० बर्ष देखि उर्जा तथा वित्तीय क्षेत्रमा संलग्न । उपाध्यक्ष : स्वतन्त्र उर्जा उत्पादक संस्था (इपान नेपाल)। |
| ३. | दिनेश गुरुङ्ग सितापाइला ९, काठमाण्डौं । | संचालक | ४२ | नेपाली | १,१५,००० | स्नातक | रियल स्टेट ब्यापार, ब्यवसाय तथा बैंक क्षेत्रमा करिब १० बर्षको अनुभव । |
| ४. | जमुना पौड्याल ३, महाराजगञ्ज, काठमाण्डौं । | संस्थापक | ४० | नेपाली | ३,२५,६७० | स्नातक | कानुन क्षेत्र तथा एनजिओ अन्तर्गतका संघ संस्थाहरुमा विगत १५ बर्ष देखि आबद्ध । |
| ५. | प्रेम कृष्ण महर्जन ल.पु.उ.म.न.पा.वडा नं.७ | संस्थापक | ५० | नेपाली | ७५,००० | एस.एल.सी. | उद्योग ब्यवसाय (ईंटा भट्टा) सम्बन्धी ब्यवसाय मा करिब २० बर्ष देखि आबद्ध । |
| ६. | भुषण गुरागाईं ६, महांकाल, काठमाण्डौं | संस्थापक | ३० | नेपाली | १,१०,००३ | एम.बि.बि.एस, एम.पि.एच. | चिकित्सा क्षेत्रमा करिब ७ बर्ष देखि आबद्ध । |
| ७. | बिजय प्रकाश सैंजु भक्तपुर न.पा.१४ | संस्थापक | ५४ | नेपाली | ३९,००० | एम.बि.ए., पि.एच.डी. | विकास साझेदार, सामाजिक काम र ब्यापार ब्यवसायमा विगत १५ बर्ष भन्दा बढिको कार्य अनुभव । |
| ८. | माधव प्रसाद घिमिरे १४, कलंकी, काठमाण्डौं | संस्थापक | ७२ | नेपाली | १,००,००० | स्नातकोत्तर | पूर्व प्रशासक तथा अध्यापन अनुसन्धानको क्षेत्रमा विगत २० बर्ष भन्दा बढिको कार्य अनुभव । |
| ९. | सौरभ गुरागाईं ६, महांकाल, काठमाण्डौं | संस्थापक | २७ | नेपाली | १,१०,८९० | बि.बि.ए. | बजार ब्यबस्थापन सम्बन्धित कार्यमा विगत ५ बर्ष देखि आबद्ध । |
| १०. | सुनुमा शर्मा ल.पु.उ.म.न.पा.वडा नं.१ | संस्थापक | ३८ | नेपाली | १,३५,००० | स्नातक | गृहणी/सामाजिक संस्थाहरुमा करिब १५ बर्ष देखि आबद्ध । |
| ११. | सुशिला घिमिरे का.म.न.पा.१४, कलंकी । | संस्थापक | ५८ | नेपाली | ३,००,००० | स्नातक | चिकित्सा क्षेत्रमा करिब २५ बर्ष देखि संलग्न (बरिष्ठ नर्स) |
| १२. | ज्ञानेन्द्र कुमार शर्मा इटहरी न.पा.४ | संस्थापक | ४८ | नेपाली | १,९०,००० | एम.बि.बि.एस., एम.डी. | चिकित्सा क्षेत्रमा विगत २० बर्ष देखि आबद्ध । |
| १३. | श्री मित्रलाल श्रेष्ठ का.म.न.पा.४, काठमाण्डौं । | संस्थापक | ४९ | नेपाली | २,००,००० | स्नातकोत्तर | बैंक तथा वित्तीय संस्थामा करिब २ बर्ष देखि आबद्ध । संचालक : सिभिल बैंक लि. |
| १४. | श्रीजेश गुरागाईं बुढानिलकण्ठ न.पा.१० काठमाण्डौं । | संस्थापक | १६ | नेपाली | २,०१,००० | माध्यामिक शिक्षा | |

### संचालकहरुको विवरण

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | हाइल्याण्ड होल्डिङ्गस प्रा.लि., का.जि.का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं (प्रतिनिधी : श्री डा.भोगेन्द्र कुमार गुरागाई) | कार्यकारी अध्यक्ष | ५७ | नेपाली | १०,००० | एम.बि.बि.एस. / एम.एस.सी | बैंकिङ्ग क्षेत्रमा ८ बर्ष देखि आबद्ध संचालक: सनराईज बैंक लि. |
| २. | रिभर फल्स पावर लि, का.म.न.पा.३२ अनामनगर, काठमाण्डौं । (प्रतिनिधी : श्री शैलेन्द्र गुरागाई) | प्रबन्ध सञ्चालक | ४९ | नेपाली | १,००० | एम.एस.सी / ई.एम.बि.ए. | विगत २० बर्ष देखि उर्जा तथा वित्तीय क्षेत्रमा संलग्न । उपाध्यक्ष : स्वतन्त्र उर्जा उत्पादक संस्था (इपान नेपाल)। |
| ३. | दिनेश गुरुङ्ग सितापाइला ९, काठमाण्डौं । | सञ्चालक | ४२ | नेपाली | १,१५,००० | स्नातक | रियल स्टेट ब्यापार, ब्यबसाय तथा बैंक क्षेत्रमा करिब १० बर्षको अनुभव । |
| ४. | रविन सुबेदी चपली, भद्रकाली २, काठमाण्डौं | सञ्चालक | २७ | नेपाली | ४,५८८ | स्नातक | ब्यबस्थापकीय सम्बन्धि कार्यहरुमा करिव ७ बर्षको कार्य अनुभव । |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| क्र.स. | संस्थापक कम्पनीको नाम, ठेगाना | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|
| १. | हाइल्याण्ड होल्डिङ्गस प्रा.लि., का.जि.का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं । | अध्यक्ष : श्री भुषण गुरागाई, महांकाल ६, काठमाण्डौं ।<br>संचालक : श्री डा. भोगेन्द्र कुमार गुरागाई, लेगुवा १, धनकुटा ।<br>संचालक : श्री सौरभ गुरागाई, महांकाल ६, काठमाण्डौं । |
| २. | रिभर फल्स पावर लि, का.म.न.पा.३२ , अनामनगर, काठमाण्डौं । | अध्यक्ष : श्री डा.भोगेन्द्र कुमार गुरागाई, लेगुवा १, धनकुटा ।<br>प्रबन्ध संचालक : श्री शैलेन्द्र गुरागाई, इटहरी ४, सुनसरी ।<br>संचालक : श्री मित्र लाल श्रेष्ठ, का.म.न.पा.४, काठमाण्डौं ।<br>संचालक : श्री सुभास अमात्य, बीरगञ्ज न.पा.११, पर्सा । |
| ३. | सनराईज होल्डिङ्ग प्रा.लि., थापाथली, काठमाण्डौं । | अध्यक्ष : श्री सुभाष अमात्य, बीरगञ्ज न.पा.११, पर्सा ।<br>संचालक : श्रीमती शैला श्रेष्ठ, भैरवस्थान, पाल्पा । |
| ४. | भक्तपुर टुरिजम इन्भेष्टमेन्ट एण्ड सपिङ्ग कम्प्लेक्स प्रा.लि. सुर्यबिनायक १४, भक्तपुर । | अध्यक्ष : श्री नवल किशोर राजभण्डारी, भक्तपुर न.पा.१२ ।<br>संचालक : श्री ज्ञानेन्द्र नाथ कायस्थ, भक्तपुर न.पा.११ ।<br>संचालक : श्री श्रीधर लाल पक्वाँ, भक्तपुर न.पा.११ ।<br>संचालक : श्री बलराम धौभडेल, भक्तापुर न.पा.१२ । |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | रिभर फल्स पावर लि, का.म.न.पा.३२,अनामनगर, काठमाण्डौं । (प्रतिनिधी : श्री शैलेन्द्र गुरागाई) | संस्थापक– बानेश्वर हाइड्रोपावर प्रा.लि., का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं । |
| २. | हाइल्याण्ड होल्डिङ्गस प्रा.लि., का.जि.का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं । (प्रतिनिधी : श्री डा. भोगेन्द्र कुमार गुरागाई) | संस्थापक– बानेश्वर हाइड्रोपावर प्रा.लि., का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं । |
| ३. | दिनेश गुरुङ्ग, सितापाइला ९, काठमाण्डौं । | पुर्व महासचिव : मनाङ्ग सेवा समाज समिति, ठमेल, काठमाण्डौं । |

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) प्रचलित कानूनको अधिनमा रही कम्पनीको शेयर कुनै व्यक्ति वा संस्थालाई बिक्री वा हस्तान्तरण गर्न सकिनेछ ।

ख) प्रचलित कानूनको स्वीकृती लिई संस्थापक र सर्वसाधारण समुहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न सकिनेछ ।

ग) कम्पनीले कारोबार संचालन गरे पश्चात प्रबन्धपत्र, नियमावली र अन्य सम्बन्धित कानूनको अधिनमा रही आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न सकिनेछ । यस व्यबस्था बमोजिम कम्पनीले कारोबार संचालन गरेको पाँच बर्ष नपुगे तापनि कम्पनीको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा सम्बन्धित निकायको स्वीकृती लिई संस्थापकहरु बीच शेयर खरिद बिक्री गर्न सकिनेछ । तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा बिक्री गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम सम्बन्धित निकायको स्वीकृती लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम ५० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी ५०,००० (पचास हजार) कित्ता शेयर खरिद गर्न आवेदन गर्न सकिनेछ । तर हकप्रद शेयर र बोनस शेयर लागु गरिएमा यो बन्देज लागू हुनेछैन ।

ङ) कम्पनीका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरिक्षक, सचिव वा कम्पनीको व्यबस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक बर्षसम्म कम्पनी वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

च) कसैले खण्ड (ङ) को विपरित काम गरेमा त्यस्तो शेयर कम्पनीले जफत गर्न सक्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहऱ्याएको प्रकृयाबाट बिक्री बितरण गर्न सक्नेछ ।

छ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

झ) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" को नियम (१०) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**३.५.२.संस्थापक/संचालक सँगको कारोबार :**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्ने अपनाइएको तरिका :** आवश्यक नभएको ।

**३.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**३.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**३.७.१.संगठित संस्थाको उच्च व्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको उच्च व्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

(१) नाम : श्री डा.भोगेन्द्र कुमार गुरागाई
योग्यता : एम.बि.बि.एस./एम.एस.सी
नियुक्ति भएको मिति : २०७१/४/१
अनुभव : बैंकिङ्ग क्षेत्रमा ८ बर्ष देखि आवद्ध, संचालक : सनराईज बैंक लि.
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : ५,२५,३८४ कित्ता
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम :

| सि.नं. | सूचिकृत संगठित संस्थाको नाम | शेयर संख्या | लगानी रकम (रु.) |
|---|---|---|---|
| १ | सनराईज बैंक लि. | २७५,१२५ | २७,५१२,५००।- |
| २ | बरुण हाइड्रोपावर कम्पनी लि. | १००,००० | १०,०००,०००।- |

(२) नाम : श्री शैलेन्द्र गुरागाई
योग्यता : एम.एस.सी/ई.एम.बि.ए.
नियुक्ति भएको मिति :२०७१/४/१
अनुभव : विगत २० बर्ष देखि उर्जा तथा वित्तीय क्षेत्रमा संलग्न ।
उपाध्यक्ष : स्वतन्त्र उर्जा उत्पादक संस्था (इपान नेपाल) ।
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : ४,१७,४३६
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम :

| सि.नं. | सूचिकृत संगठित संस्थाको नाम | शेयर संख्या | लगानी रकम (रु.) |
|---|---|---|---|
| १ | बरुण हाइड्रोपावर कम्पनी लि. | १००,००० | १०,०००,०००।- |
| २ | जनता बैंक नेपाल लि. | १२०,९७३ | १२,०९७,३००।- |
| ३ | सनराईज बैंक लि. | १९९,४८५ | १९,९४८,५००।- |

(३) नाम : श्री सुजन कोइराला
योग्यता : बि.ई
नियुक्ति भएको मिति : २०६६/५/१
अनुभव : विगत ६ बर्ष देखि जलविद्युत कम्पनी लगायत आयोजनाहरुमा आबद्ध ।
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

(४) नाम : श्री सुदिप बास्कोटा
योग्यता : बि.बि.एस.
नियुक्ति भएको मिति : २०६५/२/१
अनुभव : विगत ७ बर्ष देखि जलविद्युत कम्पनी लगायत आयोजनाहरुमा आबद्ध ।
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

**ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** नभएको ।

**ग) कर्मचारी संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| २७ जना | – | १ | – | ६ | ३४ जना |

नोट : अन्य समूहको ६ जना कर्मचारीहरुले ६ महिना सम्मको लागि प्रशिक्षार्थी कर्मचारीको रुपमा कार्यालयको काममा संलग्न भई कार्य गर्ने र नीजहरुले सो समयावधिमा गरेको कार्यको मुल्याङ्कन गरी नीजहरुलाई करारमा कर्मचारीको रुपमा नियुक्त गर्न सकिने ब्यबस्था रहेको छ ।

**३.७.२.संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु.५,०००/– र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.४,०००/– हुनेछ ।

२. कम्पनीको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :
– स्वदेशमा दैनिक भत्ता : नभएको ।
– भारतमा दैनिक भत्ता : नभएको ।
– भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता : नभएको ।
– यातायात तथा होटल खर्च विल वमोजिम छ ।

३. अन्य सुविध कम्पनी नियमावली बमोजिम हुनेछ ।
उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै भत्ता तथा सुविधा सञ्चालकहरुलाई भुक्तानी गर्ने ब्यबस्था नभएको ।

**ख) संगठित संस्थाको उच्च व्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम | अवधि |
|---|---|---|---|---|
| १. | डा. भोगेन्द्र कुमार गुरागाई | कार्यकारी अध्यक्ष | रु.२६०,०००/– | आ.ब.०७१/०७२ |
| २. | श्री शैलेन्द्र गुरागाई | प्रबन्ध संचालक | रु.२६०,०००/– | आ.ब.०७१/०७२ |
| ३. | श्री सुदिप बासकोटा | लेखा अधिकृत | रु.३७६,०००/– | आ.ब.०७१/०७२ |

**ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

३.८.अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :**
- संचालनमा रहेको जलविद्युत केन्द्र भएकोले वित्तिय जोखिम नरहेको ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकास संकुचन आउन सक्ने जोखिम नरहेको ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम :** जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम :** सो नभएको ।

**(ङ) विदेशी विनिमयको जोखिम :** बिदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी ब्यबस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

**(झ) संचालन इतिहासको अभाव :** मिति २०६२ फागुन ९ गते देखि कम्पनीले आफ्नो कारोवार संचालन गरेकोले कम्पनीको संचालन इतिहास करिव ९ बर्ष भन्दा बढीको रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम** : जलविद्युत आयोजना निर्माणको लागी आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।

**(ट) अन्य :**
- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यबस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा कम्पनीहरु सगरमाथा इन्स्योरेन्स कम्पनी लि. को नेतृत्वमा शिखर इन्स्योरेन्स कम्पनी लि. र एनएलजी इन्स्योरेन्स कम्पनी लि. बाट

Fire Policy अन्तर्गत रु.४१,४३,५०,१४०/– रकम बराबरको र Loss of Profit (Fire) Insurance Policy अन्तर्गत आयोजनाले एक बर्षमा प्राप्त गर्ने आय रकम बराबरको बीमा गरिएको छ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**
रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

## ३.९. वित्तीय विवरण

### ३.९.१ वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण:

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.ब.२०७१/०७२ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरणको यथार्थ रूपरेखा देहाय बमोजिम रहेको छ :

**वासलात (२०७२ आषाढ मसान्त )**

| सम्पत्ति तथा जायजेथा | रकम (रु.हजारमा) |
|---|---|
| **सम्पत्ति** | |
| **दिर्घकालिन सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ९३१,८२८ |
| न्युन : संचित ह्रास | (८८,४८३) |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ८४३,३४५ |
| लगानी | ३२,९३९ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **८७६,२८४** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | १,८०१ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ५०,४४६ |
| **जम्मा चालु सम्पत्ति** | **५२,२४७** |
| **जम्मा सम्पत्ति** | **९२८,५३१** |
| **पूँजी तथा दायित्व** | **रकम (रु.हजारमा)** |
| **पूँजी** | |
| शेयर पूँजी | ३४०,८०८ |
| संचित जगेडा तथा कोष/(घाटा) | (२६,४९३) |
| **जम्मा पूँजी** | **३१४,३१५** |
| **दिर्घकालिन ऋण** | |
| सुरक्षित आवधिक कर्जा | ५९३,१६० |
| **जम्मा दिर्घकालिन ऋण** | **५९३,१६०** |
| **चालु दायित्व तथा व्यवस्था** | |
| छोटो अवधि सापटी | १७,९६१ |
| व्यवसायिक तथा अन्य दायित्व | २,९४३ |
| अग्रिम करकट्टि दायित्व | १५२ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **२१,०५६** |
| **जम्मा पूँजी तथा दायित्व** | **९२८,५३१** |

**नाफा- नोक्सान हिसाब (श्रावण १, २०७१ देखि आषाढ ३१, २०७२)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| बिद्युत बिक्री आम्दानी | १७९,९६७ |
| न्यून: रोयल्टी खर्च | ४,०६५ |
| न्यून: परियोजना खर्च | ११,३८१ |
| **खुद नाफा** | **१६४,५२१** |
| जोड : अन्य आम्दानी | ४८३ |
| **न्यून:** | |
| **सचांलन खर्चहरु** | |
| प्रशासनिक खर्च | ५,०५७ |

| | |
|---|---|
| नेपाल बिद्युत प्राधिकरण शुल्क | १,७५१ |
| **सचांलन नाफा** | **१५८,१९७** |
| **गैर सचांलन खर्चहरु** | |
| आर्थिक खर्च | ५६,५३९ |
| ह्ास खर्च | २९,०४७ |
| **कर अघिको नाफा/(नोक्सानी)** | **७२,६११** |
| चालु आयकर | – |
| डेफर्ड आयकर | – |
| **खुद नाफा/(नोक्सानी)** | **७२,६११** |

| **नगद प्रवाह विवरण (श्रावण १, २०७१ देखि आषाढ ३१, २०७२)** | |
|---|---|
| **विवरण** | **रकम (रु.हजारमा)** |
| **कारोवार संचालनबाट नगद प्रवाह** | |
| यस बर्षको नाफा/(नोक्सान) | ७२,६११ |
| जोडःआर्थिक खर्च | ५६,५३९ |
| जोडःह्रासकट्टी | २९,०४७ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अधिको नगद प्रवाह** | **१५८,१९७** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (३८,२०३) |
| चालु दायित्वमा  वृद्धि/(कमी) | (१७,८३१) |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **१०२,१६३** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | - |
| लगानीमा (वृद्धि)/कमी | (३२,९३९) |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | (४८३) |
| न्यून: सम्पत्ति निर्सग | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **(३३,४२२)** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | |
| शेयर लगानीमा बृद्धि/(कमी) | १४,९६७ |
| बैक कर्जामा बृद्धि/(कमी) | (२५,५००) |
| न्यून:आर्थिक खर्च | (५६,५३९) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **(६७,०७२)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१,६६९** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १३२ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१,८०१** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण :**

**वासलात**

| **सम्पत्ति तथा जायजेथा** | **आ.ब.०६९/०७०** | **आ.ब.०७०/०७१** | **आ.ब.०७१/०७२** |
|---|---|---|---|
| **<u>सम्पत्ति</u>** | | | |
| **दिर्घकालिन सम्पत्ति** | | | |
| *सम्पत्ति, प्लाण्ट तथा मेसिनरी* | ९३१,२४४ | ९३१,३४५ | ९३१,८२८ |
| *न्यून: संचित ह्रास* | (३०,४०४) | (५९,४३६) | (८८,४८३) |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ९००,८४० | ८७१,९०९ | ८४३,३४५ |
| लगानी | - | - | ३२,९३९ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **९००,८४०** | **८७१,९०९** | **८७६,२८४** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ७२७ | १३२ | १,८०१ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | १२,८५४ | १२,२४२ | ५०,४४६ |

| | | | |
|---|---|---|---|
| **जम्मा चालु सम्पत्ति** | **१३,५८१** | **१२,३७४** | **५२,२४७** |
| **जम्मा सम्पत्ति** | **९१४,४२१** | **८८४,२८३** | **९२८,५३१** |
| **पूँजी तथा दायित्व** | **आ.ब.०६९/०७०** | **आ.ब.०७०/०७१** | **आ.ब.०७१/०७२** |
| **पूँजी** | | | |
| शेयर पूँजी | ३२५,८४१ | ३२५,८४१ | ३४०,८०८ |
| संचित जगेडा तथा कोष/(घाटा) | (८७,७७४) | (९९,१०४) | (२६,४९३) |
| **जम्मा पूँजी** | **२३८,०६७** | **२२६,७३७** | **३१४,३१५** |
| **दिर्घकालिन कृण** | | | |
| सुरक्षित आवधिक कर्जा | ६३४,५६० | ६१८,६६० | ५९३,१६० |
| **जम्मा दिर्घकालिन कृण** | **६३४,५६०** | **६१८,६६०** | **५९३,१६०** |
| **चालु दायित्व तथा व्यवस्था** | | | |
| छोटो अवधि सापटि | २४,३७१ | २४,४९८ | १७,९६१ |
| व्यवसायिक तथा अन्य दायित्व | १७,११५ | १४,२२४ | २,९४३ |
| अग्रिम करकट्टि दायित्व | ३१० | १६४ | १५२ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **४१,७९५** | **३८,८८६** | **२१,०५६** |
| **जम्मा पूँजी तथा दायित्व** | **९१४,४२१** | **८८४,२८३** | **९२८,५३१** |

**नाफा नोक्सान हिसाब**

| **विवरण** | **वास्तविक (रु.हजारमा)** | | |
|---|---|---|---|
| | **आ.ब.०६९/०७०** | **आ.ब.०७०/०७१** | **आ.ब.०७१/०७२** |
| बिद्युत बिक्री आम्दानी | ६०,८०४ | १०६,५८२ | १७९,९६७ |
| न्यून: रोयल्टी खर्च | १,७१६ | २,५२८ | ४,०६५ |
| न्यून: परियोजना खर्च | - | १०,५४१ | ११,३८० |
| **खुद नाफा** | **५९,०८८** | **९३,५१३** | **१६४,५२२** |
| जोडः अन्य आम्दानी | - | ८०० | ४८३ |
| **न्यून:** | | | |
| **सचांलन खर्चहरु** | | | |
| प्रशासनिक खर्च | १६,८७७ | ३,९०४ | ५,०५७ |
| अपलेखन खर्च | ९,६०८ | - | - |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | १६,३२७ | ५,२०८ | १,७५१ |
| **संचालन नाफा** | **१६,२७५** | **८५,२०१** | **१५८,१९७** |
| **गैर सचांलन खर्चहरु** | | | |
| आर्थिक खर्च | ६१,१२० | ६७,४९९ | ५६,५३९ |
| ह्रास खर्च | २९,०६७ | २९,०३२ | २९,०४७ |
| **कर अधिको नाफा/(नोक्सानी)** | **(७३,९१२)** | **(११,३३०)** | **७२,६११** |
| चालु आयकर | - | - | - |
| डेफर्ड आयकर | - | - | - |
| **खुद नाफा/(नोक्सानी)** | **(७३,९१२)** | **(११,३३०)** | **७२,६११** |

**नगद प्रवाह विवरण**

| **विवरण** | **वास्तविक (रु.हजारमा)** | | |
|---|---|---|---|
| | **आ.ब ०६९/७०** | **आ.ब०७०/७१** | **आ.ब ०७१/७२** |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | (७३,९१२) | (११,३३०) | ७२,६११ |
| जोडः आर्थिक खर्च | ६१,१२० | ६७,४९९ | ५६,५३९ |
| जोडः सम्पत्ति निर्सगबाट नोक्सान | ३,७६७ | - | - |
| जोडः ह्रासकट्टी | २९,०६७ | २९,०३२ | २९,०४७ |

| | | | |
|---|---|---|---|
| **चालु सम्पत्ति र दायित्व भन्दा अधिको नगद प्रवाह** | **२०,०४२** | **८५,२०१** | **१५८,१९७** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (१०,७२९) | ६१२ | (३८,२०३) |
| चालु दायित्वमा वृद्धि/(कमी) | १०,२३७ | (२,९०८) | (१७,८३१) |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **१९,५५०** | **८२,९०५** | **१०२,१६३** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | ८८८,३८२ | | |
| लगानीमा (वृद्धि)/कमी | | - | (३२,९३९) |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | (९२४,०५१) | (१०१) | (४८३) |
| न्यून: सम्पत्ति निर्सग | ३,८०० | | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **(३१,८६९)** | **(१०१)** | **(३३,४२२)** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | २६,३७६ | - | १४,९६७ |
| बैक कर्जामा बृद्धि/(कमी) | ४६,६३३ | (१५,९००) | (२५,५००) |
| न्यून:आर्थिक खर्च | (६१,१२०) | (६७,४९९) | (५६,५३९) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **११,८८९** | **(८३,३९९)** | **(६७,०७२)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(४३०)** | **(५९५)** | **१,६६९** |
| जोड: नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १,१५७ | ७२७ | १३२ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **७२७** | **१३२** | **१,८०१** |

(ग) **आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :** सो नभएको ।

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| **सम्पत्ति** | | | |
| **दिर्घकालिन सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ८१४,२६० | ७८५,२२६ | ७५६,२३२ |
| लगानी | ४०,००० | ४०,००० | ४०,००० |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **८५४,२६०** | **८२५,२२६** | **७९६,२३२** |
| | | | |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ७,१४० | ४३,१४० | ९४,६९० |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ३२,९४५ | ३४,४०८ | ३४,८७५ |
| निर्माणाधिन परियोजना | १०,००० | - | - |
| **जम्मा चालु सम्पत्ति** | **५०,०८५** | **७७,५४८** | **१२९,५६५** |

| | | | |
|---|---|---|---|
| | | | |
| **जम्मा सम्पत्ति** | **९०४,३४५** | **९०२,७७४** | **९२५,७९८** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४८६,८६८ | ४८६,८६८ | ४८६,८६८ |
| थप तथा जगेडा | १२,९६० | १०९,५१४ | १८८,२५० |
| **जम्मा पूँजी** | **४९९,८२८** | **५९६,३८२** | **६७५,११८** |
| | | | |
| **दिर्घकालिन कृण** | | | |
| सुरक्षित आवधिक कर्जा | ३९३,१६० | २९३,१६० | २१८,१६० |
| **जम्मा दिर्घकालिन कृण** | **३९३,१६०** | **२९३,१६०** | **२१८,१६०** |
| | | | |
| **चालु दायित्व तथा व्यवस्था** | | | |
| छोटो अवधि सापटि | - | - | २१,००० |
| व्यवसायिक तथा अन्य दायित्व | ८,९७१ | १३,०९४ | ११,३८१ |
| अग्रिम करकट्टि दायित्व | २,३८५ | १३७ | १३९ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **११,३५६** | **१३,२३१** | **३२,५१९** |
| | | | |
| **जम्मा पूँजी तथा दायित्व** | **९०४,३४५** | **९०२,७७४** | **९२५,७९८** |

**नाफा नोक्सान हिसाब**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| **कुल आम्दानी:** | | | |
| बिद्युत बिक्री आम्दानी | १९२,२१९ | १९७,५६५ | २०२,९३१ |
| जोड: अन्य आम्दानी | १,००० | ३१,००० | १,००० |
| **जम्मा आम्दानी:** | **१९३,२१९** | **२२८,५६५** | **२०३,९३१** |
| न्यून: | | | |
| रोयल्टी खर्च | ४,३४४ | ४,४५१ | ४,५५९ |
| परियोजना खर्च | ११,८१८ | १२,२६८ | १२,७४० |
| **खुद नाफा** | **१७७,०५७** | **२११,८४६** | **१८६,६३२** |
| न्यून: | | | |
| **सचांलन खर्चहरु** | | | |
| प्रशासनिक खर्च | २०,८८२ | ६,१५१ | ६,४३३ |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | ३८,४६९ | ३९,५३८ | ४०,६११ |
| **सचांलन नाफा** | **११७,७०६** | **१६६,१५७** | **१३९,५८८** |
| न्यून: | | | |
| **गैर सचांलन खर्चहरु** | | | |
| आर्थिक खर्च | ४५,२२३ | ३०,९१४ | २३,९८४ |
| ह्रास खर्च | २९,०८५ | २९,०३३ | २८,९९४ |
| **कर र बोनस अघिको नाफा/(नोक्सानी)** | **४३,३९८** | **१०६,२१०** | **८६,६०९** |
| न्यून: | | | |
| कर्मचारी बोनसको व्यवस्था | ३,९४५ | ९,६५५ | ७,८७४ |
| **कर अघिको नाफा/(नोक्सानी)** | **३९,४५३** | **९६,५५४** | **७८,७३६** |
| चालु आयकर | - | - | - |
| डेफर्ड आयकर | - | - | - |
| **खुद नाफा / (नोक्सानी)** | **३९,४५३** | **९६,५५४** | **७८,७३६** |
| अघिल्लो बर्षसम्मको नाफा / (नोक्सानी) | (२६,४९३) | १२,९६० | १०९,५१४ |
| **बाँडफाँडका लागि उपलब्ध नाफा** | **१२,९६०** | **१०९,५१४** | **१८८,२५०** |

| | | | |
|---|---|---|---|
| प्रस्तावित लाभांश | - | - | - |
| **वासलतमा सारिएको** | **१२,९६०** | **१०९,५१४** | **१८८,२५०** |

**नगद प्रवाह विवरण**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | ३९,४५३ | ९६,५५४ | ७८,७३६ |
| जोड : आर्थिक खर्च | ४५,२२३ | ३०,९१४ | २३,९८४ |
| जोड : ह्रासकट्टी | २९,०८६ | २९,०३३ | २८,९९४ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अधिको नगद प्रवाह** | **११३,७६१** | **१५६,५०२** | **१३१,७१४** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | ७,५०१ | ८,५३८ | (४६८) |
| चालु दायित्वमा वृद्धि/(कमी) | (९,७००) | १,८७५ | १९,२८८ |
| **कारोवार संचालनबाट नगद प्रवाह** | **१११,५६२** | **१६६,९१४** | **१५०,५३४** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | - | - | - |
| स्थिर सम्पत्ति खरिद /पुजिकृत | - | - | - |
| न्यून: सम्पत्ति निर्सगबाट नोक्सान | - | - | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | - | - | - |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | १४६,०६१ | - | - |
| बैक कर्जामा बृद्धि/(कमी) | (२००,०००) | (१००,०००) | (७५,०००) |
| लगानीमा (वृद्धि)/कमी | (७,०६१) | - | - |
| लाभांश वितरण | - | - | - |
| न्यून:आर्थिक खर्च | (४५,२२३) | (३०,९१४) | (२३,९८४) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | **(१०६,२२४)** | **(१३०,९१४)** | **(९८,९८४)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क,ख,ग)** | **५,३३९** | **३६,०००** | **५१,५५०** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १,८०२ | ७,१४० | ४३,१४० |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **७,१४०** | **४३,१४०** | **९४,६९०** |

**वित्तीय प्रक्षेपणका बृद्धिदर :**

| विवरण | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
|---|---|---|---|
| बिद्युत बिक्री आम्दानी | ६.३७% | २.७१% | २.६४% |
| परियोजना खर्च | ३.७०% | ३.६७% | ३.७१% |
| प्रशासनिक खर्च | ७५.७८% | -२३९.४९% | ४.३९% |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | ९५.४५% | २.७०% | २.६४% |
| आर्थिक खर्च | -२५.०२% | -४६.२८% | -२८.८९% |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

१. धितोपत्रको सार्वजनिक निस्काशन गर्ने आधारमा आ.ब.०७२/०७३ मा शेयर पूँजी रु.१४६,०६०,५००/– ले बृदि गर्ने प्रक्षेपण गरीएको छ।
२. बैंक ऋण आ.ब.०७२/०७३ मा रु.२० करोड, आ.व.०७३/०७४ मा रु.१० करोड र आ.ब.०७४/०७५ मा रु.७.५० करोड चुक्ता गर्ने प्रक्षेपण गरीएको छ।
३. अन्य परीयोजनाहरुमा रु.४ करोडको लगानी गर्ने प्रक्षेपण गरीएको छ।
४. नेपाल विद्युत प्राधिकरण सँग भएको विद्युत खरिद सम्झौताको आधारमा विद्युत बिक्री आम्दानी १००% क्षमता उपभोगमा प्रक्षेपण गरीएको छ।
५. उक्त विद्युत बिक्री आम्दानीमा लाग्ने रोयल्टी खर्च पनि प्रक्षेपण गरीएको छ।
६. विद्युत कम उत्पादन/बिक्रीको लागि २०% शुल्कको प्रक्षेपण गरीएको छ।

७. हरेक बर्ष रु.१० लाखको अन्य आम्दानी प्रक्षेपण गरीएको छ र आ.ब.०७३/०७४ मा विकासाधिन परियोजना(**SNHPP**) बिक्रीबाट रु.३ करोड को आम्दानीप्रक्षेपण गरीएको छ ।
८. खर्चहरु (परीयोजना तथा प्रसाशनिक दुबै) हरेक बर्ष ५% का दरले बृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।
९. ह्रास खर्च आयकर ऐन अनुसार प्रक्षेपण गरीएको छ र **Pool D** का सम्पतिको लागि ३.१२५% का दरले **SLM** प्रणालीमा ह्रास खर्च गणना गरिएको छ ।
१०. धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धित कार्यका लागि रु.१.५० करोडको खर्च अनुमान गरिएको छ ।
११. बैंक ऋणको ब्याज गणनाका लागि ९% ब्याज दर लिईएको छ ।
१२. कर्मचारी बोनसको व्यवस्था १०% का दरले हरेक बर्ष प्रक्षेपण गरीएको छ ।

**३.९.२.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | ऋा.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७३.०६ | ६९.५९ | ९२.२३ | १०२.६६ | १२२.४९ | १३८.६७ |
| प्रति शेयर आम्दानी (रु.) | (२२.६८) | (३.४८) | २१.३१ | ८.१० | १९.८३ | १६.१७ |

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ |
| चुक्ता पुंजी | ३२५,८४१ | ३२५,८४१ | ३४०,८०८ | ४८६,८६८ | ४८६,८६८ | ४८६,८६८ |
| जगेडा तथा कोषहरु | (८७,७७४) | (९९,१०४) | (२६,४९३) | १२,९६० | १०९,५१४ | १८८,२५० |
| **कुल** | **२३८,०६७** | **२२६,७३७** | **३१४,३१५** | **४९९,८२८** | **५९६,३८२** | **६७५,११८** |
| घटाउने :अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **२३८,०६७** | **२२६,७३७** | **३१४,३१५** | **४९९,८२८** | **५९६,३८२** | **६७५,११८** |
| शेयर संख्या (हजारमा) | ३,२५८ | ३,२५८ | ३,४०८ | ४,८६९ | ४,८६९ | ४,८६९ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७३.०६ | ६९.५९ | ९२.२३ | १०२.६६ | १२२.४९ | १३८.६७ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | (३१.०५) | (५.००) | २३.१० | ७.८९ | १६.१९ | ११.६६ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (प्रतिशतमा) | | | | २२.५५ | | |

**३.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**३.१०.१. धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजीको ३०% अर्थात रु.१४,६०,६०,५००/–(अक्षरेपी चौध करोड साठी लाख साठी हजार पाँच सय रुपैंया मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००/–को १४,६०,६०५ कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्याईएको छ । "धितोपत्र दर्ता तथा निष्काशन नियमावली (प्रथम संशोधन), २०६७" बमोजिम आयोजना प्रभावित क्षेत्र लमजुङ्ग जिल्ला (उद्योग प्रभावित) का स्थानीय बासिन्दाहरुलाई जारी पूँजीको १०% अर्थात रु.१००/–अंकित दरको ४,८६,८६८ कित्ता साधारण शेयर धितोपत्र निष्काशन नियमावली बमोजिम बाँडफाँड गरी पूँजीकृत गरिसकेको छ । कम्पनीबाट निर्माणका लागि अगाडी सारिएका आयोजनाको विकासका लागि पूँजी संकलन गर्नु यस निष्काशनको मुख्य उद्देश्य हो ।

**३.१०.२ धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग**

(क) **निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :** निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कम्पनीको दायित्व भुक्तानी गर्न प्रयोग गरिनेछ ।

(ख) **सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :** अन्य जलविद्युत कम्पनीहरुले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त पर्ने गरेको छ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रचलित कानूनको अधिनमा रही सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि बैकल्पिक ब्यबस्था गरिनेछ । साथै निष्काशन गरिने साधारण शेयरहरुको ५० प्रतिशत शेयरको लागि एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंले प्रत्याभूति समेत गरेको छ ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त**

**भैसकेको भए सो सम्बन्धी विवरण :** यस कम्पनीबाट लमजुङ्ग जिल्लाको भुलभुले र बाहुन डाँडा गा.वि.स. स्थित सिउरी खोलामा जलविद्युत आयोजना निर्माण कार्य सम्पन्न भई मिति २०६९ असोज ३० गतेबाट संचालनमा रहेकोछ ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०६९ साल असोज ३० गते देखि संचालनमा रहेको छ ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :** विगतमा ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्टको सप्लायर्स क्विनकाङ्ग एलोनवार्ड हाइड्रो ईक्वीपमेन्ट कम्पनी प्रा.लि, दरबारमार्ग, काठमाण्डौंबाट खरिद गरिएको ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्टको मूल्य रु.१४ करोड ६९ लाख रहेकोछ । हाल उक्त कम्पनी तथा अन्य कुनै कम्पनीसंग कुनै प्रकारको सम्झौता नरहेको ।

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

(छ) **उत्पादन सम्बन्ध आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीबाट लमजुङ्ग जिल्लाको भुलभुले र बाहुन डाँडा गा.वि.स. मा निर्माण भई संचालनमा रहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ५ मेघावाट रहेकोछ ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** लमजुङ्ग जिल्लाको भुलभुले र बाहुन डाँडा गा.वि.स भई बग्ने सिउरी खोलाको पानी ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः** लमजुङ्ग जिल्लाको भुलभुले र बाहुन डाँडा गा.वि.स भई बग्ने सिउरी खोलाको पानी ।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.३,६५,०००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता शुल्क – रु.२,४३,५००/–
(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।
(उ) लेखापरिक्षकको शुल्क – प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु.२५,०००/– भुक्तानी गरिएको ।
(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि)– संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे बापत जम्मा रु.२१,००,०००/–कमिशन दिने र शेयर प्रमाणपत्र वितरण गरेबापत प्रति प्रमाणपत्र रु.२/–का दरले भुक्तानी दिने व्यबस्था गरिएको छ ।

**३.१०.३. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** सो नभएको ।

**३.१०.४. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**३.१०.५ धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) **अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्थाः** शेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्काशन निर्देशिका, २०६५ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को दफा २४ (२) मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने छ ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र शेयर प्रमाण पत्र वितरण गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** निष्काशन गरिने साधारण शेयर सूचिकरण भैसकेको छैन ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यबस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यबस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यबस्था मिलाइनेछ ।

**३.१०.६ प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंले रु.१००/–अंकित दरको ४,८७,००० कित्ता साधारण शेयरको लागि रु.४,८७,००,०००/–(अक्षरुपी चार करोड सतासी लाख रुपैंया मात्र) को लागि प्रत्याभुती गरिएको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. धितोपत्र निष्काशन निर्देशिका, २०६५ बमोजिम कुल निष्काशनको कम्तीमा ५० प्रतिशत भन्दा बढी अर्थात ४,८७,००० कित्ता साधारण शेयरहरु प्रत्याभुती गरिएको छ ।
२. कुल प्रत्याभुती शेयरहरुको लागि प्रत्याभुति शुल्क बापत एकमुष्ट रु.२,४३,५००/–भुक्तानी गरिएको छ ।
३. प्रत्याभुतीकर्ताको दायित्व प्रत्याभुती गरिएको शेयरहरुमा मात्र सिमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतीकर्ताले प्रत्याभुतीत कित्ता शेयरहरु सम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।
५. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।
६. प्रत्याभुती सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**३.१०.७ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन् ।
२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही कम्पनीले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभाशं वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यबस्था अनुसार बाँडफाँड गरी तोकिएको अवधिभित्र शेयर प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यबस्था मिलाइनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.३२, अनामनगर, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० (पचास हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

(ग) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।
२. दरखास्त दिंदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको

प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफुले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ। नावालकको हकमा आवेदन दिँदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

३. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममाखुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

४. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फारममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।

५. सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।

६. रु.५०,०००/– भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

७. रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ । साथै रु.१० लाख रुपैंया वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नु पर्दछ ।

८. आबेदन फारम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ ।

९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१०. संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन्। यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।

११. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त ब्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

१२. बाँडफाँडबाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपीको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने व्यवस्था रहेकोले शेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

१३. कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी सहित कम्पनी वा संस्थाको प्रमुखको मुखाकृति स्पष्ट देखिने फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) समेत आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

### ३.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

**३.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यबस्थापनमा नरहेको ।

**३.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** नभएको ।

**३.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**३.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्था जि.पौडेल एण्ड एसोसियट्स, बानेश्वर, काठमाण्डौ रहेको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |

साथै आवश्यकता अनुसार निष्काशन बन्द भएको मितिले ३ दिन भित्र बोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री जि.पौड्याल एण्ड एसोशिएट्सका चार्टड एकाउण्टेण्ट श्री धनश्याम पौडेलले प्रमाणित गरेको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सो नभएको ।

**३.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी तथा क्लीन इनर्जी डेभलपमेण्ट बैंक लिमिटेडको अगुवाईमा बैक अफ काठमाण्डौ लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड र माछापुच्छ्रे बैंक लिमिटेडबाट सहवित्तियकरण ऋण व्यवस्थापन गरिएको छ ।

**३.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**३.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् :
फोन नं.:४००५०५८, फ्याक्स नं.:४००५०८४, E-mail: badri@niblcapital.com.

**३.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**३.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन ।

**३.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**३.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | परिवर्तन भएको संचालकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | श्री गणेश कार्की | राजिनामा | २०७०/९/१३ |
| २. | श्री प्रेम कृष्ण महर्जन | पदावधि समाप्त | २०७१/९/१८ |
| ३. | श्री डा. भोगेन्द्र कुमार गुरागाई | राजिनामा | २०७२/६/३ |
| ४. | श्री शैलेन्द्र गुरागाई | राजिनामा | २०७२/६/३ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
मोरङ्ग जिल्ला, पथरी गा.वि.स. वडा नं.१, पथरी निवासी समाजशास्त्रमा स्नातकोत्तर तथा कानूनमा स्नातक शैक्षिक योग्यता हासिल गरी कानूनी क्षेत्रमा करिव १४ बर्ष र जलविद्युत क्षेत्रमा करिब १० वर्षको कार्य अनुभव हासिल गर्नु भएका श्री दिपक आचार्य यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) सार्वजनिक निष्कासन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीको मिति २०७२/३/८ गते बसेको संचालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/–अंकित दरको १४,६०,६०५ कित्ता साधारण शेयर मध्ये रु.९,७३,७३,७००/–बराबरको रु.१००/–अंकित दरको ९,७३,७३७ कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुका लागि निष्काशन गरिने निर्णय गरिएको छ । साथै सो कार्यको लागि एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौलाई धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकमा नियुक्त गर्ने निर्णय गरेको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं.३२, अनामनगर, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**
हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्रद्वारा निष्काशन गरिने प्रति साधारण शेयर रु.१००/–अङ्कित मूल्य (Par Value) का कुल ९,७३,७३७ कित्ता साधारण शेयर मध्ये २% अर्थात १९,४७४ कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात ४८,६८६ कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुलाई बाँडफाँड गरिएको छ । यसरी छुट्याइएको शेयर कर्मचारीहरुमा कम्पनीको संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र कर्मचारीहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपालको प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक सङ्कलन केन्द्रका दरले न्यूनतम १० सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फारम तथा विवरणपत्र वितरण तथा आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४+"** प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स् लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा ७ बर्ष (२०७६ साल सम्म) आयकर छुट तथा सो पश्चात ३ बर्षका लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभाशं दर बढी रहेको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन सम्म खुल्ला रहनेछ । शेयरको लागि आवेदन लिने कार्य कम्तीमा पाँच कार्य दिनको लागि खुल्ला गरिनेछ । तर प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक दरखास्त फारम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने गरी कम्तीमा १० वटा केन्द्रको व्यवस्था गरिएकोमा कम्तीमा चार कार्यदिन खुल्ला गरिनेछ ।

**३.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री डा.भोगेन्द्र कुमार गुरागाई<br>(प्रतिनिधी : हाइल्याण्ड होल्डिङ्गस प्रा.लि.) | कार्यकारी अध्यक्ष | |
| २. | श्री शैलेन्द्र गुरागाई<br>(प्रतिनिधी : रिभर फल्स पावर लि.) | प्रबन्ध संचालक | |
| ३. | श्री दिनेश गुरुङ्ग | संचालक | |
| ४. | श्री रविन सुबेदी | संचालक | |

**३.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टीफिकेट) को प्रति :** संलग्न गरिएको ।

**३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :** संलग्न गरिएको ।